प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष-१६ ।। अङ्क : ३१० ॥ २०८१ पुष १६ गते मंगलबार (31st Dec 2024 Tuesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

# गिरीबन्धुको बदमासी पर्दाफास गरेरै छाड्ने प्रचण्डको चेतावनी



झापा(प्रस)। पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गिरीबन्धु टी इस्टेटमा भएको बदमासी पर्दाफास गरेरै छाड्ने बताएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र झापा-५ को गौरीगञ्ज गाउँपालिका वडा नं ३ मा नेकपा माओवादी केन्द्रको दोस्रो गाउँ सम्मेलनलाई सम्बोधन गर्दै माओवादी केन्द्रका अध्यक्ष दाहालले गिरीबन्धु, ओम्नी, वाइडबडी ,नक्कली भुटानी शरणार्थी प्रकरणलाई पर्दाफास गरेरै छाड्ने चेतावनी दिएका हुन्।

गिरीबन्धु टी इस्टेट आफैले हेरेको र त्यहाँका किसानहरुको मर्म बुझेको भन्दै उनले भने, 'मेरो सुई गिरीबन्धुतिर जाँदै थियो , गिरीबन्धु भनेको केपी ओली हो भनेर बुझेर रातारात गठबन्धन तोडियो ।' गिरीबन्धुको कुरा उठेपछि एमालेको हेडक्वार्टर तानिने अवस्था आयो र बेचन झा पक्राउ परेपछि सुई अर्कोतिर सोझिने देखेर रातारात गठबन्धन तोडेर अप्राकृतिक गठबन्धन बनेको उनले आरोप लगाए ।

उनले संविधान संशोधनको अधिकार माओवादीलाई मात्र भएको भन्दै प्राप्त उपलब्धि खारेज गर्ने किसिमको संशोधन माओवादीलाई मान्य नहुने चेतावनी दिए । आफ्नो कार्यकालमा भ्रष्टाचारका मुद्दामा ठुला ठुला कर्मचारी र मन्त्रीसंगै भूमाफिया ,दलाल ,बिचौलियाहरुलाई कार्बाही गरिएको दावी गरे । अहिलेको सरकार जालझेल र षडयन्त्रको रुपमा आएको भन्दै यो अलोकतान्त्रिक सरकारले भ्रष्टाचारी ,दलाल र बिचौलियाहरुलाई सहयोग गरिरहेको आरोप लगाए । उनले हुलाकी राजमार्गमा अलपत्र पुलहरूको निर्माण पूरा गराउन प्रतिनिधि सभामा दह्रो कुरा राख्ने आश्वासन दिए। उनले कनकाई तथा रतुवा नदीमा अलपत्र पुलहरूका बारेमा संसदमा कुरा राख्ने आश्वासन दिएका हुन्।

नेकपा माओवादी केन्द्रका झापा जिल्ला इन्चार्ज झलकसिंह दर्लामी 'सन्देश'को अध्यक्षतामा भएको कार्यक्रममा कोशी प्रदेश इन्चार्ज हरिवोल गजुरेल, कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्वो ,वाईसिएलका केन्द्रीय सचिव डम्वर पुलामी(कर्मा), केन्द्रीय सदस्यहरु धर्मशिला चापागाई, रञ्जित तामाङ, लक्ष्मी न्यौपाने सरु, हरिकुमार राना, ज्योतिसिंह दर्लामी, भोजेन्द्र चौलागाई, प्रदेश उपाध्यक्ष मणीकुमार साङपाङ, प्रदेश सचिवालय सदस्य दुर्गा चौलागाई (श्रीकान्त) लगायत प्रदेश, जिल्ला र नगरका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । त्यस अवसरमा करिव ७ सयजना पार्टी प्रवेश गरेको जनाइएको छ ।

## प्रचण्डले केराको पातमा खाए पेल्का र माछा भात

झापा(प्रस) ।पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राजवंशीको घरमा केराको पातमा पेल्का र माछा भात खाएका छन् । झापाको गौरीगञ्जमा सोमवार आयोजित खबरदारी सभालाई सम्बोधन गर्न आएका प्रचण्डले माओवादी केन्द्रका गौरीगञ्ज १ का वडा कमिटी अध्यक्ष तिलक राजवंशीको महाभारास्थित घरमा कोच संस्कृति अनुसार बिहानको खाना खाएका हुन् । केराको पातमा उनले उसिना चामलको भात , लाफाको पेल्का (लाफा सागको दाल जुन चिप्लो हुन्छ ), आलु र फूलकोभीको भाजी र रहुँ माछा खाएका हुन् । कोच संस्कृति अनुसार उनले पलेटी कसेर खाना खाएका थिए । उनीसंगै हरिबोल गजुरेल , इन्द्र आङबो , सावित्रीकुमार काफ्ले , राजु आचार्यलगायतले खाना खाएका थिए । राजवंशीको घरमा करिव ७५ जनाले खाना खाएको एक स्थानीय कार्यकर्ताले बताए । जसको व्यवस्थापन पार्टीको जिल्ला कमिटीले गरेको थियो । खाना पकाउन र खुवाउन १० भन्दा बढी टहलुवा र कामकरी ( राजवंशी भाषामा भोजभतेरमा खटिने पुरुष र महिला स्वयंसेवक ) खटिएको ती कार्यकर्ताले जानकारी दिए ।

# मोहनमायाको वार्षिकोत्सवमा २ सय ११ जना सम्मानित र पुरस्कृत



बिर्तामोड(प्रस) । देशकै उत्कृष्टमा पर्न सफल झापाको बिर्तामोड २ स्थित मोहनमाया माध्यमिक विद्यालयले ५७ औ वार्षिकोत्सवका अवसरमा २सय ११जना दाता , विद्यार्थी र शिक्षकलाई सम्मान तथा पुरस्कृत गरेको छ। २०७४ सालको स्वर्ण महोत्सव तथा विद्यालयको भवन निर्माण गर्न सहयोग गर्ने ६० जना दाताहरुलाई विद्यालयले सम्मान गरेको हो। त्यस्तै विभिन्न पुरस्कार , छात्रवृत्ति र पदकबाट १४८ जना विद्यार्थी पुरस्कृत भएका छन् भने ३ जना शिक्षक पुरस्कृत र सम्मानित भएका छन् । विद्यालयले मोहनमाया विद्या पदक पुरस्कारबाट कक्षा १० मा अध्ययनरत ३७ जना विद्यार्थीहरुलाई पुरस्कृत गरेको छ । त्यस्तै गोपालकुमार रमा बस्नेत अक्षयकोष पुरस्कार ६ जनालाई , गंगादेवी रंगलाल चिमरिया स्मृति अक्षयकोषबाट २ जनालाई , नैनानन्द विष्णुमाया संग्रौला अक्षयकोषबाट २ जनालाई , रुपनारायण पवित्रा तिवारी स्मृति अक्षयकोषबाट २ जनालाई , चन्द्र विष्णु राउत स्मृति प्रतिष्ठान पुरस्कार ११ जनालाई , सुश्री सावित्री बस्नेत अक्षयकोष पुरस्कार १६ जनालाई , राजेन्द्र संग्रौला पुरस्कार २ जनालाई , मोहनमाया पदक ५६ जनालाई र मोहनमाया विद्या पुरस्कार १४ जनालाई प्रदान गरिएको हो । त्यस्तै तीनजना शिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । चन्द्र विष्णु राउत स्मृति प्रतिष्ठान पुरस्कारबाट रोहितकुमार गिरी,गोपालकुमार रमा बस्नेत अक्षयकोष पुरस्कारबाट सौरभ न्यौपाने र सुश्री सावित्री बस्नेत अक्षयकोष पुरस्कारबाट बद्रिप्रसाद न्यौपाने पुरस्कृत भएका हुन् ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष देवी निरौला बस्नेतको अध्यक्षता रहेको कार्यक्रमलाई प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य हर्कमाया वि.क.ले उद्घाटन गरेकी थिइन् । कार्यक्रममा राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेत र कोशी प्रदेश सरकारका खानेपानी , सिंचाइ तथा ऊर्जामन्त्री एकराज कार्की विशिष्ट अतिथि रहेका थिए । बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , शिक्षा शाखा प्रमुख तिलचन भण्डारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी , दाताहरु ,अभिभावक ,विद्यार्थीलगायतको सहभागिता रहेको थियो । शिक्षक मुकुन्द ढकालले संचालन गरेको कार्यक्रममा स्वागत अनिता कार्की बस्नेतले गरेकी थिइन् । २०३२ साल पुषमा "प्राथमिक केन्द्र नं. ३" नामबाट स्थापना भएको सो विद्यालयमा हाल २ हजार ५०० विद्यार्थी अध्ययनरत रहेका छन् ।

यस शैक्षिक सत्रमा मात्र कक्षा ११ सम्म एक हजारजना नयाँ विद्यार्थी भर्ना भएको प्रधानाध्यापक शेरबहादुर श्रेष्ठले बताए । कोशी प्रदेशमै सामुदायिक विद्यालयतर्फ विज्ञान विषयमा कक्षा ११ मा सबैभन्दा बढी विद्यार्थी मोहनमायामा भर्ना भएको उनले जानकारी दिए । शैक्षिक सत्र २०८० मा कुल परीक्षार्थी १५७५ जनामध्ये १५३०जना सफल भएको प्रधानाध्यापक श्रेष्ठद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । जुन ९६ प्रतिशत हो । अध्ययन अध्यापनमा मोहनमाया देशकै उत्कृष्ट विद्यालयमा गनिन्छ ।

नगरपालिका स्तरीय कक्षा ८ को परीक्षामा सामुदायिक विद्यालयतर्फ एकजना मात्र मोहनमायाकी दिप्ती सुवेदी ४ जीपीए प्राप्त गरी नगर प्रथम हुन सफल भएको , एसइई परीक्षा २०७९ को आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मापदण्ड बमोजिम देशभरको उत्कृष्ट १५ र कोशी प्रदेशको उत्कृष्टमा पर्न सफल भएको ,एसइई २०८० को आधारमा यही मापदण्डमा देशभरको उत्कृष्ट पाँच र कोशी प्रदेश प्रथम हुन सफल भएको , नेपाली र अंग्रेजी दुवै माध्यमबाट ३.६० देखि ४ जीपीए ल्याएर ३७ जना उत्तीर्ण भएको र कक्षा १२ को नतिजामा (२०७९ को) कोशी प्रदेशमा उत्कृष्ट २ मा पर्न सफल भई " केन्द्रबिन्दु + २ एजुकेशन एक्सिलेन्स अवार्ड" प्राप्त गर्न सफल भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# गाई फार्ममा आगलागी,साढे १६ लाखको क्षति



झापा(प्रस) । झापाको कमल गाउँपालिका वडा नं. ५ मा रहेको गाई फार्ममा आगलागी भएको छ । सोमवार दिउँसो १:१० बजे कमल- ५ पाथिभरा टोल बस्ने बिनोद खरेलले आफ्नो घरदेखि अन्दाजी ५० मिटर पूर्व संचालन गरेको लक्ष्मी पशु तथा कृषि गाई फार्ममा करेन्ट सर्ट भई आगलागी भएको हो । आगलागीबाट खरेलको सिमेन्टको पिल्लर भएको, टिनको छानो र टिनको टाटीले बारेको गाई फार्म पूर्णरुपमा जलेर नष्ट भएको छ । त्यस्तै पानी तान्ने मोटर, कुटी काट्ने मेसिन, ३५ मन मकै, ५० मन धान र पराल गरी अन्दाजी १६ लाख ५० हजारबराबरको क्षति भएको प्रहरीले जनाएको छ । उक्त आगो प्रहरी, दमक नगरपालिका,शिवसताक्षी नगरपालिका,गौरादह नगरपालिका र मोरङ उर्लाबारी नगरपालिकाको दमकल र स्थानीयबासीको सहयोगमा पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

## झापा जिल्ला खेलकुद विकास समिति

भद्रपुर (झापा)

## खेल संघ,संस्था दर्ता तथा आबद्धता सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा कोशी प्रदेश खेलकुद विकास बोर्डबाट मिति २०८१।०९।०४ गते स्वीकृत भई जारी गरिएको 'खेल संघ तथा खेल संस्थाहरूको दर्ता, नवीकरण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मार्गदर्शन २०८१' अनुसार खेलसम्बद्ध संघ तथा खेल संस्थाहरू दर्ता तथा आबद्धता गर्नुपर्ने भएको हुँदा झापा जिल्लामा क्रियाशील खेल संघ तथा खेल संस्थाहरूलाई यथाशीघ्र आफ्नो संघ तथा संस्था आवश्यक कागजातसहित यस कार्यालयमा दर्ता तथा आवद्ध गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

साथै, कोशी प्रदेश खेलकुद विकास बोर्डको मिति २०८१।०९।०८ गते प्रकाशित सूचना अनुसार आ.व. २०८१/०८२ का लागि स्वीकृत वार्षिक कार्यक्रमअन्तरगत 'खेल संस्थालाई मापदण्डमा आधारित अनुदान सहायता वितरण कार्यक्रम' का लागि प्रस्ताव आह्वान गरिएको हुँदा झापा जिल्लामा क्रियाशील खेल संस्थाहरूलाई अनुदान प्राप्तिका लागि सूचनामा माग गरिएका कागजातसहित आफूले आयोजना गर्न लागेको खेलको प्रस्तावनासमेत संलग्न राखी सूचना प्रकाशित भएको मिति २०८१/०९/०८ देखि १५ दिनभित्र कोशी प्रदेश खेलकुद विकास बोर्ड, विराटनगरमा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन सादर अनुरोध छ ।

विष्णुकुमार नेम्वाङ
कार्यालय प्रमुख
झापा जिल्ला खेलकुद विकास समिति
भद्रपुर (झापा)
फोन : ०२३-४५२१७६, मोवाइल : ९८५२६५५१७६

## जथाभावी फोहोर नफालौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौ,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
- पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै प्लाष्टिकका डिब्बा, झोला आदि) पुनः प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लाष्टिक वा अन्य बस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,
- शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।




झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

# झापा गोल्डकप र आसन्न अधिवेशन

• **केशव भट्टराई**

फुटबल हबको रूपमा परिचित झापा जिल्लामा स्थापित झापा गोल्डकप यो समयमा अधिवेशनको संघारमा उभिएको छ। सन् २०१६ बाट अन्तरर्राष्ट्रिय गोल्डकप आयोजना गर्दै आएको झापा गोल्डकपले पछिल्लो पटक सन् २०२४ मा छैठौ संस्करण शानदार रुपमा सम्पन्न गरिसकेको छ। नेपाली फुटबलको श्रीवृद्धि र उन्नयनका लागि निरन्तर क्रियाशील अभियन्ता जलकुमार गुरुङको परिकल्पनामा संगठित झापा गोल्डकपले छैठौं संस्करणसम्म आइपुग्दा नेपालमै प्रतिष्ठित फुटबल प्रतियोगिताको रुपमा आफ्नो परिचय बनाइसकेको छ।



यो समयावधिमा संस्थापक अध्यक्ष जलकुमार गुरुङसहित होम पाण्डे,महेन्द्रकुमार गिरी र विनोद बस्नेतले सफल नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको छ ।
साथमा लामो समयदेखि क्रियाशील आबद्ध पदाधिकारीहरु, सचिवालय र प्राविधिक समूहको योगदान अतुलनीय रहेको देखिन्छ।

झापा गोल्डकपलाई स्तरीय,आकर्षक र देशविदेशमा सुपरिचित गराउन मुख्यतया झापाली फुटबलप्रेमी अनि शुभेच्छुक सहयोगीको भूमिकालाई कदापि भुल्न मिल्दैन।
झापा ११ फुटबल क्लबको सम्बर्द्धन गर्दै अझ स्तरोन्नति गर्ने उद्देश्यका साथ स्थापित झापा गोल्डकप आगामी दिनमा अझ बृहत्तर योजनाका साथ अघि बढ्नुपर्ने बिन्दुमा आइपुगेको छ।

फुटबल क्लबहरूबीच, फुटबल खेलाडीहरूबीच, देशविदेशमा हुने फुटबल प्रतियोगिताका आयोजकहरूबीच आपसी भाइचारा अभिवृद्धि गर्दै होम टिमका रुपमा रहेको झापा ११ फुटबल क्लबको सुन्दर भविष्य निर्माणका लागि यो अधिवेशनले दिशा निर्देश गर्नुपर्ने देखिएको छ।
साथसाथै फुटबल मैदानहरूमध्येको आकर्षक र सहज मानिएको डोमालाल राजवंशी रङ्गशालाको पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि आवश्यक पहलकदमी पनि झापालीहरूका लागि प्रधान विषय बनेको छ।
यिनै पृष्ठभूमिमा पुष २९ गते हुन गइरहेको झापा गोल्डकपको वार्षिक साधारण सभा र अधिवेशनले चयन गर्ने नयाँ नेतृत्वका लागि केही चुनौती र थुप्रै सम्भावनाहरु देखिन आउँछ।

**चुनौतीहरू**

मुलुकको राष्ट्रिय फुटबल टिमकै अधिकांश सदस्यहरू रोजगारीकै लागि वैदेशिक यात्रामा गइरहेका बेला मोफसलमा रहेका फुटबल क्लब र खेलाडीहरूलाई टिकाई राख्नु गम्भीर चुनौतीको विषय हो। यो परिवेशमा नयाँ खेलाडी उत्पादन र झापा गोल्डकपका लागि होम टिम झापा ११ फुटबल क्लबलाई व्यवस्थित र दर्बिलो बनाउने कर्म पहिलो प्राथमिकतामा पर्न आउँछ।
फुटबलका लागि प्रशिक्षार्थी मात्र होइन, प्रशिक्षार्थीका अभिभावकलाई पनि विश्वस्त तुल्याउन जरुरी देखिन्छ । त्यसका लागि सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा झापा गोल्डकपको नवीन नेतृत्वले ठोस कदम चाल्नुपर्ने निर्देश यो साधारण सभाले गर्न सक्दछ। हाम्रो जस्तो अल्पविकसित मुलुकका लागि संसार जित्न सक्ने माध्यमहरू भनेकै कला, प्रतिभा र खेलकुद नै हो भनेर बुझाउनु र त्यसतर्फ सम्बन्धित निकायले निस्वार्थ योजना कार्यान्वयन गर्नु भन्ने मर्मलाई पनि यो अधिवेशनको बन्दसत्रमा छलफलको विषय बनाइनु पर्दछ।

पूर्वी नेपालमा फुटबलप्रेमीहरूको संख्या उल्लेख्य छ। अझ डोमालाल राजवंशी रङ्गशालामा त दर्शकको उपस्थिति नै प्रतियोगिताको एउटा महत्वपूर्ण गहना हो। यो गहनालाई सँधैभरि सजाएर राखिरहन हाम्रा क्लब र प्रतियोगिता आयोजकहरुले गुणस्तरीय खेल र खेलाडी निर्माण गरी टिकाई राख्नु अनिवार्य छ । यिनै चुनौतीहरुको समुचित सम्बोधन गर्ने नेतृत्व निर्माणमा आसन्न अधिवेशन केन्द्रित हुने विश्वास झापाबासीले गरेका छन्।

सम्भावनाहरू

मोफसलमै सर्वाधिक दर्शकहरूको उपस्थिति रहने झापा गोल्डकपको छैठौं संस्करणसम्म आइपुग्दा यसले अंगिकार गरेका नवीन आयामहरुलाई अन्य प्रतियोगिताका आयोजकहरुले पनि सिको गरेको पाइएको छ।
प्रतियोगिताका आगामी श्रृङ्खलाहरूमा दर्शकका लागि नविन प्रस्तुति समेट्दै खेल पर्यटन प्रवर्द्धनका थुप्रै सम्भावनाहरु कोर्न सकिन्छ।
फुटबल प्रतियोगितालाई व्यवसायको प्रवर्द्धन सँगसँगै प्राकृतिक र धार्मिक स्थलहरूसँग जोडेर अघि बढाउन सकेको खण्डमा कोशी प्रदेश बाहिरका दर्शकहरुलाई पनि झापा गन्तव्यका लागि आमन्त्रण गर्न सकिन्छ।
विशेष प्याकेजसहितको कार्ययोजना बनाउन सकेको खण्डमा प्रतियोगिता सञ्चालन अवधिको अघिल्लो र पछिल्लो दुवै सातालाई पर्यटन प्रवर्द्धनमा जोड्न सकिने सम्भावनालाई नकार्न सकिन्न।
फुटबल प्रतियोगिता त्यसमाथि प्रसिद्धि कमाइसकेको झापा गोल्डकपको आयोजना आफैमा गौरवपूर्ण छ। यसको गरिमा र उचाईलाई अझ शक्तिशाली बनाउन दूरदृष्टि योजनासहितको नविन नेतृत्व स्थापित हुनु जरुरी देखिन्छ। त्यसतर्फ झापा गोल्डकपको साधारण सभा र अधिवेशनका सहभागीहरुको ध्यानाकर्षण हुन सकोस् हार्दिक शुभकामना !!!!

# कृष्णथुम्की विकास समितिमा अनियमितता नभएको अध्यक्षको दावी

मेचीनगर(प्रस) ।ऐतिहासिक पर्यटकीय तथा धार्मिक तीर्थस्थलको रुपमा परिचित कृष्णथुम्की विकास समितिले मन्दिरको मर्मत कार्यमा विवाद आएपछि हिसावका बारेमा प्रष्ट पारेको छ ।
संघीय सरकारको शहरी विकास मन्त्रालयमार्फत सघन शहरी तथा भवन निर्माण आयोजनाले मेचीनगर नगरपालिका वडा नं.१ मा रहेको कृष्णथुम्की मन्दिर तथा परिसर मर्मतका लागि २८ लाख बढी बजेट दिएको थियो ।
आयोजनासँग कृष्णथुम्की विकास समितिले २०८१ बैशाख १४ गते मन्दिर मर्मतका लागि सम्झौता गरेको थियो । कृष्णथुम्की विकास समितिका अध्यक्ष हिम्मत क्षेत्रीले मन्दिर तथा परिसर थप निर्माणका लागि स्टेटमेन्ट अनुसार आयोजनाबाट २८ लाख ५ हजार १९७ रुपैयाँ स्वीकृत भएको जानकारी दिए ।

उनका अनुसार मन्दिर तथा परिसर निर्माणमा ३० लाख ३९ हजार १८० रुपैयाँ खर्च भएको छ ।
आयोजनाबाट २८ लाख ५ हजार १९७ रुपैयाँ स्वीकृत भएपनि त्यसमध्ये २० प्रतिशत लागत सहभागिता, ५ प्रतिशत धरौटी र शून्य दशमलव ५ प्रतिशत कन्टिजेन्सी कट्टी हुँदा २० लाख ८९ हजार ८७२ रुपैयाँ मात्र उपलब्ध भएको उनको भनाई छ ।
क्षेत्रीका अनुसार २५ दशमलव ५ प्रतिशत हुन आउने ७ लाख १५ हजार ३२५ रुपैयाँ कम भएको र समितिको २ लाख ३४ हजार ६२६ रुपैयाँ रकम थप खर्च भएको छ ।समितिका सचिव डिगेन्द्रकुमार थापाले मन्दिरको छानाको छेउको झ्यालमा आल्मुनियम सिसा जडानमा ७० हजार, पुरानो भवन भत्काई राधाकृष्ण, देवीथानसहित नयाँ निर्माणमा ८ लाख २० हजार १०९, साकेलाथान प्राङ्गण निर्माण १५ लाख ७ हजार ५३०, चौतारी भवनको उत्तरपूर्व टायल्समा ९ हजार ९८०, गुम्बाको प्राङ्गण ढलाई १० हजार ४९६, मन्दिरको छानामा पित्तलमा १५ लाख ६२ हजार २९५, मन्दिर रंगरोकनमा ८३ हजार ९४५, पार्कमा ब्लक र टायल्स लगाउँदा २ लाख १ हजार ८०० र अन्य विविध कार्यमा ३ हजार ३२५ रुपैयाँ खर्च भएको बताए ।



अध्यक्ष क्षेत्रीले मन्दिरको निर्माण सम्पन्न गर्न समितिको ९ लाख ४९ हजार ९५१ रुपैयाँ खर्च भएको बताए ।

ऋणमा रहेको उक्त रकममध्ये आयोजनाबाट फिर्ता हुने ५ प्रतिशत धरौटी बापतको १ लाख ४० हजार, कोशी प्रदेश सरकारको पर्यटन कार्यालयमा भएको धरौटी बापतको १ लाख ५० हजार, मेचीनगर नगरपालिका कार्यालयबाट १ लाख, वडा नम्बर १ बाट १ लाख, समाजसेवी इन्द्रबहादुर चौहानबाट ७० हजार र विभिन्न दाताबाट ३ लाख ९० हजार रुपैयाँ उठ्न बाँकी रहेको उनले बताए ।
२०८१ असार २७ गते सम्पन्न निर्माण कार्यको हिसाव समितिले भेला गरेर गत मंसिर १५ गते सार्वजनिक गरेको थियो ।

त्यसबेला हिसाब किताब सार्वजनिक गर्ने क्रममा स्थानीयले विनियोजित बजेटभन्दा धेरै रकम खर्च भएको भन्दै आपत्ति जनाएका थिए ।
९ लाख ४९ हजार ९५१ रुपैयाँ घाटा भएको विवरणप्रति समितिलाई स्थानीयले अनियमितताको आशंका गरेर छानविनको माग गरेका थिए ।
समितिले सोमबार विहान मन्दिर परिसरमा पत्रकार सम्मेलन गरेर हिसाव किताबका बारेमा प्रष्ट पारेको हो ।

संघीय सरकारको शहरी विकास मन्त्रालयबाट उक्त बजेट ल्याउन झापा क्षेत्र नं.१ का सांसद एवम् नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सहयोग गरेको अध्यक्ष क्षेत्रीले बताए ।

# पर्यटकको पर्खाइमा अनौठो साततले लुङ्धाङ गुफा

झापा(प्रस) । धनकुटा नगरपालिका-१ को ओक्मालुङको लुङ्धाङ जंगलमा रहेको अनौठो गुफा ओझेलमा परेको छ। झन्डै सय मिटर उचाइको अजंगको ढुंगाभित्र सात तलाको गुफा रहेको छ।
करिब ३० मिटर लामो गुफा एक स्थानवाट प्रवेश गरेर अर्को स्थानबाट निस्किन सकिन्छ। गुफा प्रवेश गर्ने साँघुरो ठाउँ पार गरेर भित्र पुग्दा फराकिलो भाग देख्न सकिन्छ।
उत्तरतर्फ रहेको प्रवेशद्वारबाट करिब १६ मिनेटमा दक्षिणी द्वारबाट बाहिरिन सकिन्छ। गुफाभित्रका ढुंगामा देखिने प्राकृतिक दृश्य नियाल्न सकिन्छ। गुफाको भित्री भागमा चमेराको झुण्डसमेत देख्न सकिन्छ।

पहिलो तलामा पुग्दा त्यसस्थान भन्दा तल र माथि दुई तला नियाल्न सकिन्छ। गुफा भित्रको असहज स्थानमा समेत पर्यटकको सहजताको लागि फलामको सिँढी निर्माण गरिएको स्थानीय इन्द्र थापाले जानकारी दिए।
पर्याप्त पूर्वाधार भएर पनि प्रचारप्रसार अभावका कारण गुफा ओझेलमा परेको उनी बताउँछन्। गुफा धनकुटाको पर्यटकीय नगरी हिलेबाट पूर्वतर्फ करिब ४ किलोमिटरको दूरीमा रहेको छ। कच्ची सडकमार्फत त्यहाँसम्म पुग्न सकिन्छ।

गुफासम्म पुग्ने पैदलमा मार्ग झोलुङ्गे पुल गुफामा पूर्वाधार विकास गरिएको स्थानीय अर्जुन छाराहाङ्ले जानकारी दिए। गुफाभन्दा करिब पाँच सय मिटरको दूरीमा ५० मिटर अग्लो झरनासमेत रहेको छ।
झरनामा समेत पूर्वाधारको काम गरिएको छ। झरनाबाट झरेको पानीलाई पोखरीमा जम्मा गरिएको छ। जहाँ गर्मीको समयमा पौडी खेल्नसमेत सकिन्छ।

# विराट भरत विश्रान्तिको अध्यक्षमा पुनः प्रसाईं

बिर्तामोड(प्रस) । झापाको बिर्तामोड ३ विराटपोखरीमा रहेको विराट भरत विश्रान्तिको अध्यक्षमा समाजसेवी डिल्लीप्रसाद प्रसाईं पुनः निर्विरोध निर्वाचित भएका छन् । बिर्तामोड-३ विराटपोखरीसँगै रहेको संस्थाको सोमवार भएको निर्वाचन कार्यक्रममा अध्यक्षसहित सबै पदमा एक-एकजनाको मात्र उम्मेदवारी दर्ता भएपछि निर्विरोध कार्यसमिति निर्वाचित भएको हो ।
समितिको उपाध्यक्षमा कुलप्रसाद संग्रौला, महासचिवमा गोपीकृष्ण प्रसाईं, सचिवमा कञ्चना ढकाल सिटौला, कोषाध्यक्षमा शैलेन्द्र सिटौला र सहकोषाध्यक्षमा मनिष साहेवाला निर्वाचित भएका छन् । त्यस्तै, सदस्यहरुमा बुद्धिप्रसाद घिमिरे, मनबहादुर पाहिम, मिजास पोखरेल, मिरा कार्की खड्का र मेघराज बाँस्तोला छन् ।
संस्थाको छैटौं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो ।




# चर्च ब्वाइजलाई फाल्गुनन्द गोल्डकपको उपाधि

झापा(प्रस) ।टाइब्रेकरमा मछिन्द्र फुटबल क्लबलाई हराउँदै एघारौ फाल्गुनन्द गोल्डकपको उपाधि चर्च ब्वाइजले जितेको छ । फिदिम माविको खेलमैदानमा भएको फाइनल खेलमा अतिरिक्त पाँच मिनेट थप गरिएको अन्तिम एक मिनेट मछिन्द्रले जोगाउन नसक्दा टाइब्रेकरमा चर्च ब्वाइजले उपाधि हात पारेको हो ।खेलको ४४ औ मिनेटमा मछिन्द्रका बिजु भुजेलको लामो थ्रोलाई डिकाले हेडमार्फत जाली चुमाउँदै टिमलाई एक शून्यले अग्रता दिलाए । निकै प्रतिस्पर्धात्मक बनेको खेलको ७८ मिनेटमा चर्च ब्वाइजका रोहन कार्कीको फ्रिकिक प्रहारलाई छिरिङ लामाले गोल गर्दै खेललाई १-१ को बराबरी बनाए । दुवै टिमको आक्रामक बनेको खेलको ८७ औ मिनेटमा मछिन्द्रका देवेन्द्रको प्रहार गोलकिप्पर कृषलको पञ्चबाट आएको बललाई हेडमार्फत गोल गर्दै शनिसले टिमलाई फेरि अग्रता दिलाए ।
उनको अग्रता सात मिनेट पनि टिक्न सकेन । खेलको अतिरिक्त समयको अन्तिम मिनेटमा चर्च ब्वाइजका समीरले गोल गर्दै खेललाई बराबरी बनाए । निर्धारित समयमा २-२ को बराबरी बनेको खेलको नतिजा टाइब्रेकरबाट लिइएको थियो । टाइब्रेकरमा चर्च ब्वाइजका सुजन डङ्गोल, रोहन कार्की, छिरिङ लामा, एकराज बुढाथोकी र विदेशी खेलाडी अवोयामीले गोल गरे भने मछिन्द्रका सौरव सुब्बा, सनिस श्रेष्ठ, देवेन्द्र तामाङले गोल गर्दा दयानन्दको प्रहार कृषल मोक्तानले रोकेका थिए ।
इलाम गोल्डकपमा उपविजेता बनेको चर्च ब्वाइजले झापा कपको विजेता बन्दै फाल्गुनन्द कपको समेत उपाधि चुमेको छ । जितसँगै चर्च ब्वाइजले दश लाख रुपैयाँ प्राप्त गरेको छ भने मछिन्द्रले पाँच लाखमा चित्त बुझाएको छ ।फिदिम स्पोर्टिङ क्लबको आयोजनामा भएको प्रतियोगिताको उत्कृष्ट गोलरक्षकमा चर्च ब्वाइजका क्रिशल मोक्तान, उत्कृष्ट डिफेन्डर मच्छिन्द्र क्लबका देबेन्द्र तामाङ, उत्कृष्ट मिडफिल्डर चर्च ब्वाइजका दिपेश गुरुङ, उत्कृष्ट फरवार्ड मछिन्द्रका बिजु भुजेल, उत्कृष्ट प्रशिक्षक चर्च ब्वाइजका सुमन श्रेष्ठ घोषित भए ।
उनीहरूले जनही रु १० हजार प्राप्त गरे । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाइजका समिर तामाङ घोषित भए । उनले एक थान इभि स्कुटर प्राप्त गरे भने उदीयमान खेलाडीको रूपमा आयोजक फिदिम स्पोर्टिङ क्लबका मनिष क्षेत्री घोषित भए । उनले नगद १० हजार प्राप्त गरे । प्रतियोगितामा ५ गोल गरेका मच्छिन्द्रका समिर तामाङ सर्वाधिक गोलकर्ता बन्दै नगद १५ हजार प्राप्त गरे ।


**ग्लोबल गेट्वे एण्ड मल्टीपल बिजिनेश सोलुसन प्रा.लि.**
झापा
तेस्रो पटक प्रकाशित मिति–२०८१/९/१६

**नाम परिवर्तनको सूचना**

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०८/०५ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको अल इन वान मल्टिपल बिजिनेश सोलुसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/०८/२७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि ग्लोबल गेट्वे एण्ड मल्टीपल बिजिनेश सोलुसन प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।








**सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौ,
- अनियमितता र भ्रष्टाचार विरूद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# महँगी नियन्त्रण गर

किसान जहिल्यै मारमा परिरहेका हुन्छन् । राज्यको उपेक्षा छँदैछ, अरुबाट समेत ठगिएका छन् । नेपालीको भान्सा महँगिनुको प्रमुख कारण तरकारीको महँगी पनि हो । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्यांकले तरकारीको मूल्यवृद्धि ३३.९९ प्रतिशतले बढेको देखाएको छ । जुन गत वर्षको तुलनामा अस्वाभाविक रूपमा उच्च हो । यो तथ्यांकले दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले आम नेपालीको जीवनयापन कठिन बन्दै गएको संकेत गर्छ । गोलभेंडाको मूल्य प्रतिकिलो १३० रुपैयाँभन्दा तल झरेको छैन भने केराउको मूल्य प्रतिकेजी १७० रुपैयाँसम्म पुगेको छ । यस्तो अस्वाभाविक मूल्यवृद्धिको पछाडि बिचौलियाहरूको बलियो जालो प्रमुख कारक हो । तरकारी बजारमा बिचौलियाको जालो नराम्ररी जकडिएको छ ।

किसानले उत्पादन गरेको तरकारी सिधै उपभोक्तासम्म पुग्न नसक्दा बिचौलियाहरूले मनपरी मूल्य तोक्ने गरेका छन् । किसानबाट अत्यन्त न्यून मूल्यमा खरिद गरिएको तरकारी उपभोक्तासम्म पुग्दा कैयौं गुणा महँगो हुने गरेको छ । यसले एकातिर किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भने अर्कोतिर उपभोक्ता महँगीको मारमा परेका छन् । तरकारी उत्पादन र बिक्री वितरणको शृंखलामा बिचौलियाहरूको वर्चस्व हटाउन सरकारले कुनै पहल गरेको देखिँदैन । सरकारको कमजोर बजार अनुगमन र नियमनले पनि यो समस्या बढ्दै गएको हो । सरकारी निकायको प्रभावकारी अनुगमन र नियमनको अभावमा व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गरी मूल्य बढाउने गरेका छन् । यसका साथै खुला सिमानाको फाइदा उठाउँदै विषादीयुक्त तरकारी सस्तो मूल्यमा नेपाल ल्याएर किसानको उत्पादनमा चुनौती दिने काम पनि भइरहेको छ ।

नेपालको कृषि क्षेत्रको यो जटिल समस्या समाधानका लागि सरकारले बिचौलिया हटाउनु मुख्य कार्य हो । सर्वप्रथम, सरकारले किसान र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापना गर्न हाटबजार र कृषि बजारको विकास गर्नुपर्छ । यो कुरा वर्षौंदेखि उठे पनि सरकारले बेवास्ता गर्दै आएको छ ।  त्यसको कार्यान्वयन गर्न सरकारले उदासीनता देखाउनु हुँदैन । कृत्रिम अभाव सिर्जना गर्ने, कार्टेलिङ गर्ने र कालोबजारी गर्ने व्यापारीहरूमाथि कडा कारबाही गर्नुपर्छ । बिचौलियाको जालो तोड्न सरकार, किसान र उपभोक्ता सबै मिलेर काम गर्नु जरुरी छ । अन्यथा यो समस्या झनै जटिल बन्दै जानेछ र यसको मार आमनेपालीले भोग्नुपर्ने अवस्था सिर्जना हुनेछ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# ज्येष्ठ नागरिकका अपेक्षा

• प्राडा प्रेम शर्मा

संघीय गणतान्त्रिक नेपालको संविधान कार्यान्वयनपश्चात् ज्येष्ठ नागरिक ऐन, २०६३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयभित्र सक्रिय रहन थाल्यो । संविधानको धारा-४१ ले मौलिक हकको रूपमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था सार्थक उपलब्धि हो । ज्येष्ठ नागरिक ऐन, २०६३ (प्रथम संशोधन २०७९) जनसमक्ष कार्यान्वयनमा आएको छ । यो संशोधन अत्यन्त प्रभावकारी र व्यावहारिक छ । यसै प्रसङ्गमा स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र संविधानको अनुसूची-८ क्रसं १६ मा व्यवस्था छ । संशोधन ऐनले ज्येष्ठ नागरिकका अधिकारहरू के-के हुने छन् र उनीहरूको पालन पोषण तथा हेरचाह गर्ने कर्तव्य कसको, कसरी हुने र नभए (दुरुपयोग) मा को-को जिम्मेवार हुने र कसरी व्यवस्थापन गर्ने आदि व्यवस्था गरिएको छ । यसका साथै आमजनचेतनामूलक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस अक्टोबर-१, अल्जामायर्स डे, ज्येष्ठ नागरिक दुरुपयोग/हिंसाविरुद्धको अभियान, सन्धि सम्झौता, महासन्धिमार्फत नेपाल सरकार निराकरण एवं व्यवस्थापनका क्षेत्रमा विविध कार्यक्रमसहित सक्रिय रहँदै आइरहेको छ । त्यसैमध्ये नेपाल सरकार मन्त्रीपरिषद्को विसं २०७८ जेठ १० को निर्णय अनुसार हरेक वर्ष पुस ११ गतेलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवस एउटा सार्थक नारासहित मनाउँदै आइरहेको छ । यस वर्षको नारा 'सभ्य समाजको आधार : ज्येष्ठ नागरिकमैत्री घर परिवार' रहेको छ ।

परिवार, समाज र राज्यको उत्पत्तिपूर्व मानिस असभ्य अवस्थाबाट सभ्य, नैतिक, चरित्रवान् र दया, धर्म, कर्ममा मानवका मूल्य र मान्यतालाई बढी महत्व राख्दथ्यो  तर आज २१ औँ शताब्दीमा मानिसका महत्वकाङ्क्षा बढ्दै गए । प्रविधि र आमसञ्चार माध्यम सामाजिक सञ्जालमार्फत जनचेतना अकल्पनीय तरिकाले परिवर्तन एवं रूपान्तरण गर्दै आइरहेको छ । अर्थात् मानिसलाई विज्ञान र प्रविधि फलिफाप त भयो तर बुढ्यौली समयलाई अभिशाप तुल्य छ । किनभने आज ती अमूल्य निधि (ज्येष्ठ नागरिक) भोलि हामी सबै आफ्नो ऊर्जाशील समय, आफ्नो परिवार, समाज र राज्यलाई योगदान गरेका व्यक्ति उत्तरार्द्धमा निसहाय हुन बाध्य छौँ । विज्ञान र प्रविधिको छालमा, असल शासनको अभाव र बसाइसराइँको चपेटामा नयाँ पुस्तासँग छुट्टिन बाध्य छौँ । यो समस्यालाई पश्चिमा मुलुक र विकसित देश/सरकारले वृद्धवृद्धाको राम्रो व्यवस्थापन पनि गर्न सफल छन् तर गरिब, विपन्न र पिछडिएको समाज क्षेत्र, सरकार र व्यवस्थापनलाई ठुलो चुनौतीको रूपमा देखा परिरहेको छ । यसैले यो समस्याको निराकरण/व्यवस्थापन जराधारबाट पहिल्याउने प्रयास गरौँ । यसको प्रथम सुरुवात आमजनचेतना नै हो । यो पूर्वीय सभ्यता, संस्कार, रितिथिति- मातृ देवो भवः, पित्र देवो भवः, गुरु देवो भवः आदि भन्ने मूल मन्त्रबाट मात्र सम्भव छ । त्यो शिक्षा- औपचारिक वा अनौपचारिक, भौतिक वा अध्यात्मिक, नैतिक र निर्देशित जेसुकै माध्यमद्वारा दिऔँ तर सारतत्व परिवारका सदस्यमा न्यूनतम मानव चेतना वा जनचेतना/दीक्षा त्यहाँबाट सुरुवात गरौँ । आजका बाबुआमा भोलिका वृद्धवृद्धा, आजका युवकयुवती भोलिका आमाबाबु र आजका बालबालिका भोलिका आमाबाबुको पालो र गन्तव्य सबैको एउटै हो । यसमा कोही भ्रम पर्नु छैन, आँखा चिम्लनुपर्ने छैन ।

हिजोको वस्तु विनिमय (बाटर प्रणाली), त्यसपछि धातुजन्य सिक्काको प्रचलन आज कारोबार असहज हुँदा कागजी नोटमा ठिक थियो ।  त्यत्तिले पुगेन, आज पैसाको रूपान्तरण डिजिटल करेन्सी (स्क्यान एन्ड पे) ठ्यास-ठ्यास मोबाइल टु मोबाइल व्यापार व्यवसाय नोट देख्नै नपर्ने ! मानिस यान्त्रीकीकरण भइसक्यो कसलाई दोष ? यो हाम्रो आवश्यकताको आविष्कार होइन र ? छोराछोरी नपढाएर भएन, राम्रो पढायो घरबास (गाउँ ठाउँ देश) छाडेर बिदेसिनुपर्ने बाध्यता हामी आफैँले सिर्जना गरेका होइनौँ र ! यस्तो अवस्थामा अब हामी मानवमैत्री समाजको वातावरण निर्माण गरौँ, जहाँ बाजेबजैदेखि नातिनातिना पुस्ताबिच सम्पर्क निरन्तरता कायम हुने/रहने समाज र परिवारको निर्माण गरौँ अर्थात् 'जहाँ सभ्य समाजको आधार : ज्येष्ठ नागरिकमैत्री परिवार' को परिकल्पनासहित अगाडि बढ्न सफल होऔँ ।

**ज्येष्ठ नागरिकको अवस्था**

ज्येष्ठ नागरिकको समस्याले ठुलो चुनौती दिइरहेको छ । नेपालमा जनसङ्ख्याको १०.२ प्रतिशत (झन्डै ३० लाख) ज्येष्ठ नागरिकको अंश रहेको छ । रोजगारी, अध्ययन र अन्य कारणले युवा शक्ति तिब्र गतिमा बिदेसिने गरेका छन् । अर्कोतर्फ गाउँबाट छिमेकी मुलुक भारत र चीन अस्थायी बसाइँसराइ र गाउँबाट सहरतिर आन्तरिक बसाइँसराइको क्रम पनि बढदो छ । जनचेतनाको अभावमा ज्येष्ठ नागरिकहरू पनि आफ्नो अधिकार र कर्तव्यबारे बेखबर छन् । विसं २०५१ पछि मात्र सामाजिक सुरक्षाका लागि वितरण भएको सानो सहायता रकम एक सय रुपियाँ हाल चार हजार रुपियाँ पुग्दा ज्येष्ठ नागरिक निकै नै जागरुक भएका छन् । हाम्रो सामाजिक-सांस्कृतिक संरचना र परम्पराले यो भत्ताको सदुपयोग धेरै भएको तर परिवारभित्र ज्येष्ठ नागरिकको रेखदेख गर्ने जिम्मेवार व्यक्तिबाट पनि दुरुपयोग गर्ने गरेको गुनासा सुनिन्छ । यो तथ्य कुनै एक अध्ययन प्रतिवेदनले ज्येष्ठ नागरिक अधिकांश आफ्नै छोराछोरी, बुहारी (परिवरजन)बाट दुरुपयोग हुने गरेको भेटिएको छ । यसमा नेपाल पनि अलग छैन । यसविरुद्ध उनीहरू सरोकार निकाय पालिकाको वडा र न्यायिक समितिमा गुनासो राख्न चाहँदैनन् । न्यायिक उपचारको खोजी गर्नुभन्दा पीडा लुकाएर/सहेर बस्ने चलन पनि छ । त्यसै गरी जनप्रतिनिधि पनि आफ्नो मत सङ्ख्या घट्ला, अलोकप्रिय भइन्छ भनेर यस्ता घरायसी झै झगडामा फस्न/संलग्न हुन खासै रुचि राख्दैनन् । त्यसैले नेपाल सरकारले यी समस्यालाई समाधान र सम्बोधन गर्ने विविध राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अभ्यास र कार्यक्रम राख्दै आएको छ ।

**भावी नीति तथा कार्यक्रम**

संशोधनले व्यवस्था गरे अनुसारको प्रावधानलाई अक्षरशः प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र समस्या उठ्नै नपाउने गरी परिवारभित्रै, समुदाय र समाजमा जनचेतना फैलाउने, हाम्रो अमूल्य सामाजिक मूल्य र मान्यताहरूलाई घनीभूत व्याख्या गरी सामाजिक सद्भाव, अन्तरपुस्ता सिप, अनुभव र नैतिक शिक्षाको बोध गराउने 'राष्ट्रिय ज्येष्ठ नागरिक दिवस' जस्ता कार्यक्रमको लक्ष्य, उद्देश्य र कार्यक्रमलाई सफल पार्नेतर्फ सम्पूर्ण राज्य संयन्त्र क्रियाशील हुनु आवश्यक छ । यस कार्यमा स्थानीय सरकारको भूमिका र त्यसभित्र न्यायिक समिति र वडा समिति सक्रिय रहनु अति आवश्यक छ । ज्येष्ठ नागरिकका समस्या र सवाललाई वडा तहमै समाधान गर्ने, बढीमा न्यायिक समिति वा पालिकाभन्दा न्यायपालिकातर्फ धकेल्न हुँदैन । असल शासनमा विधिको शासन हुन्छ विधिको शासनभित्र दण्डहीनता हुँदैन, संस्कार र पद्धतिले काम गर्छ ।

भूमण्डलीय अतिक्रमण, विज्ञान र सूचना प्रविधिको द्रुततर विकासको गतिले मानिसको मौलिक मूल्य र मान्यता माथिको ठुलो चुनौतीलाई आजको युवाशक्तिले भोलिको सुनिश्चित सुखी र सुरक्षित भविष्यका लागि परिवारभित्र र बाहिर (समुदाय) मा ज्येष्ठ नागरिकमैत्री वातावरण सिर्जना गर्न कानुनी पूर्वाधार मात्रै होइन, सामाजिक नैतिक एवं मनोवैज्ञानिक पूर्वाधार तयार गर्न आफैँबाट सुरुवात गरौँ । नेपालमा बहुलवाद र बहुदलीय शासन पद्धति स्थापनापछि धेरै सङ्घ संस्था खोलिएका छन् । त्यसमा ज्येष्ठ नागरिकको क्षेत्रमा पनि राष्ट्रव्यापी धेरै सङ्घ संस्था, आश्रम, सेवा केन्द्र र परोपकारी संस्थाको उत्पत्ति भएका छन् तर त्यसभित्र पवित्र सेवा भावले काम गर्ने प्रचलन र अभ्यासमा धेरै कमीकमजोरी छन् । त्यहाँ सरोकार निकाय घरदैलोमा भेटिने स्थानीय तहको क्षेत्र अधिकार सर्वोपरि हुन्छ । त्यसैले स्थानीय सरकार र ज्येष्ठ नागरिकका क्षेत्रमा कार्यरत गैससबिच गहन अन्तर्क्रिया, संवाद, नियमन, समन्वय रेखदेख हुनु अति आवश्यक छ । सरोकार निकाय सङ्घीय, प्रदेश र पालिकाले नीतिगत तहमा धेरै पूर्वाधार (नीति, योजना, कार्यक्रम) तयार गर्नुपर्ने र कार्यान्वयनको क्षेत्रमा प्रभावकारी अनुगमन, नियमन र नियन्त्रणको पनि प्रभावकारिता कमजोर महसुस भएको छ । ज्येष्ठ नागरिकको गुनासा, राज्यबाट प्रदान गरिएका सेवा र सुविधा जस्तै यातायत, स्वास्थ्य, सामाजिक सुरक्षाका सवालमा धेरै काम गर्नुपर्ने छ । अन्त्यमा ज्येष्ठ नागरिकका सवालमा समय र परिस्थिति, भूमण्डलीय तापक्रम परिवर्तन र विज्ञान र प्रविधिसँग ज्येष्ठ नागरिकहरू समयानुकूलित हुन नसक्नु पनि अर्को समस्या हो । त्यसैले समयमै युवाशक्तिले भाबी ज्येष्ठ नागरिकमैत्री समाज निर्माण गरी सुरक्षित हुन राज्यद्वारा प्रतिपादित ऐन कानुन र पुर्खाद्वारा स्थापित असल अभ्यासबाट सचेत भई अन्तरपुस्ताको रूपान्तरणलाई सार्थक बनाउन ज्येष्ठ नागरिकमैत्री शासन पद्धति र ज्येष्ठ नागरिकमैत्री परिवार निर्माण गरौँ ।

# जग्गा संरक्षणमा नागरिक भूमिका



• गोकुल भुजेल

नेपालमा सार्वजनिक जग्गा भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा नरहेको र सामूहिक प्रयोगका लागि राज्यको अधीनमा रहेको भूमि जनाउँछ । सार्वजनिक सम्पत्तिलाई संविधान, मुलुकी देवानी संहिता, मालपोत ऐन, गुठी संस्थान ऐन र राष्ट्रिय भूमि नीतिले संरक्षण गरेको छ । यस्तो जग्गामा बाटो, पाटी, चौतारी, धार्मिक स्थल, पार्क, नदी, ताल जस्ता स्थान पर्छन् । सार्वजनिक सम्पत्तिको दर्ता, निजीकरण वा अतिक्रमण कानुनविपरीत हुन्छ । मालपोत ऐन, २०३४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन स्थानीय तहको कानुनी जिम्मेवारी हो । संविधानले नागरिकलाई सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने कार्य नागरिक कर्तव्य भनी तोकेको छ ।

सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन नेपालको कानुन अनुसार नेपाल सरकार र स्थानीय तहको जिम्मेवारी हो । स्थानीय सरकारले नक्सा, अभिलेख अद्यावधिक गरी सार्वजनिक जग्गा संरक्षण गर्नु पर्छ । अतिक्रमण अपराध हो, जसमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही हुन्छ । कब्जा हटाउन र संरचना भत्काउन स्थानीय प्रशासनले जुनसुकै बखत आवश्यक कदम चाल्न सक्छ ।सार्वजनिक सम्पत्ति संरक्षणका लागि नागरिक चेतना वृद्धि महत्वपूर्ण मानिन्छ । सार्वजनिक सम्पत्तिप्रति जिम्मेवारीबोध र सहभागिता बढाउन सरकार, गैरसरकारी संस्था र समुदायले संयुक्त प्रयास गर्नु पर्छ । जनचेतना अभियानले नागरिकलाई सार्वजनिक सम्पत्तिको महत्व बुझाएर दिगो संरक्षणमा प्रेरित गर्न सक्छ । सचेत नागरिकले सार्वजनिक जग्गामा फोहोर नगर्ने, सफाइ अभियानमा सक्रिय हुने र संरक्षण योजनामा स्थानीय सरकारसँग सहकार्य गर्ने भूमिका खेल्नु पर्छ । विद्यालय, कलेज र युवा क्लबमा जनचेतना कार्यक्रमले नयाँ पुस्तालाई संरक्षणमा योगदान गर्न उत्प्रेरित गर्न सक्छ । चेतना भएका व्यक्ति सार्वजनिक सम्पत्ति दुरुपयोग रोक्न सामाजिक दबाब दिन तत्पर हुनु पर्छ ।

जब नागरिकले सार्वजनिक सम्पत्ति आफ्नै सम्पत्ति जस्तै सम्झन्छन्, उनीहरू यसलाई संरक्षणमा विशेष चासो दिन्छन् । चेतना वृद्धिले यो स्वामित्व भावना बलियो बनाउँछ। चेतना भएका नागरिकले अतिक्रमण वा गैरकानुनी गतिविधिको सूचना सम्बन्धित निकायमा दिन्छन् । यसले अतिक्रमण रोक्न र सार्वजनिक सम्पत्ति पुनर्स्थापना गर्न सहयोग पुऱ्याउँछ । चेतना भएका नागरिकले सार्वजनिक सम्पत्ति संरक्षणका लागि सक्रिय भूमिका खेल्छन् । वृक्षरोपण, सरसफाइ र अनुगमन जस्ता गतिविधिमा सहभागी भई नागरिकले जग्गाको संरक्षणमा योगदान दिन्छन् । चेतनाले नागरिकलाई सार्वजनिक जग्गाको सही र दीर्घकालीन उपयोग गर्न प्रेरित गर्छ । उनीहरूले जग्गा फोहोर नगर्ने, संरचना नबिगार्ने, र स्रोतको दुरुपयोग नगर्ने जिम्मेवार व्यवहार अपनाउँछन् । अवैध कब्जा वा अतिक्रमण रोक्न नागरिकलाई जानकारी र जागरुक बनाउनु आवश्यक छ । चेतनाले जनताको सोच, व्यवहार र सहभागितामा परिवर्तन ल्याउँछ, जसले सार्वजनिक जग्गाको संरक्षणलाई दिगो बनाउँछ ।

स्थानीय सरकारको सक्रियताबिना सार्वजनिक जग्गाको संरक्षण सम्भव छैन । कानुनी कार्यान्वयन, प्रविधिको उपयोग र समुदायको सहकार्यद्वारा मात्र दिगो संरक्षण सम्भव छ । स्थानीय सरकारले आफ्नो क्षमताको अधिकतम उपयोग गर्दै सार्वजनिक सम्पत्तिको संरक्षणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । स्थानीय सरकारले सार्वजनिक जग्गाको अभिलेख राख्ने र यसको प्रयोगको प्रभावकारी अनुगमन गर्नुपर्ने छ । अतिक्रमण भएको सार्वजनिक जग्गालाई कानुनी प्रक्रिया पूरा गरी पुनर्स्थापना गर्नु पर्छ साथै यस्ता जग्गाको दिगो उपयोगका लागि दीर्घकालीन योजना बनाइनु पर्छ ।

स्थानीय सरकारले नागरिकलाई कुनै पनि अतिक्रमण वा गैरकानुनी गतिविधि रिपोर्ट गर्ने सुविधा (जस्तै मोबाइल एप्स, हेल्पलाइन) उपलब्ध गराउन सक्छ । यसले अतिक्रमण रोक्न र संरक्षणमा समुदायको सहभागिता बढाउँछ । स्थानीय सरकारले जनतालाई सार्वजनिक जग्गाको महत्व र यसको संरक्षणको आवश्यकताबारे शिक्षा दिनु पर्छ । सार्वजनिक जमिनमा वृक्षरोपण र हरित क्षेत्रको विकासले जग्गाको सौन्दर्य वृद्धि मात्र गर्दैन, यसलाई दिगो संरक्षणमा पनि मद्दत गर्छ । स्थानीय तहले सार्वजनिक जग्गाको नियमित अनुगमन गरी यसको उपयोग र अवस्थाको समीक्षा गर्नु पर्छ । कुनै समस्या देखिएमा तुरुन्त सुधारका कदम चाल्न सकिन्छ । स्थानीय सरकारले जनसहभागिता प्रोत्साहित गर्न सचेतना कार्यक्रम, कार्यशाला र संवाद आयोजना गर्न सक्छ । समुदायको सक्रिय सहयोगले जग्गाको संरक्षण अझ प्रभावकारी हुन्छ ।

सार्वजनिक जग्गालाई पार्क, खेलमैदान, बगैँचा वा अन्य सामुदायिक सेवा केन्द्रका रूपमा विकास गर्दा जग्गाको दुरुपयोग रोकिन्छ । समुदायले प्रत्यक्ष लाभ पाउने भएपछि उनीहरू पनि संरक्षणमा सहभागी हुन्छन् । अवैध कब्जा वा अतिक्रमण रोक्न स्थानीय सरकारले तत्काल कदम चाल्नु पर्छ । अतिक्रमण गर्नेहरूलाई कानुनी कारबाही गर्ने र सार्वजनिक जग्गालाई पुनर्स्थापना गर्ने कार्यमा प्राथमिकता दिनु पर्छ ।

स्थानीय तहले आफ्नो क्षेत्रका सार्वजनिक जग्गाको नियमित रूपमा सर्वेक्षण गरी सिमाना निर्धारण गर्नु पर्छ । यसमा प्रविधिको प्रयोग गरेर जग्गाको सटिक नक्साङ्कन गर्न सकिन्छ । सार्वजनिक जग्गाको अभिलेखलाई डिजिटलाइज गरेर सम्पूर्ण जानकारी एकीकृत प्रणालीमा राख्न सकिन्छ । यसले जग्गाको वास्तविक स्थिति, स्वामित्व, र उपयोगको निगरानीलाई सजिलो बनाउँछ । स्थानीय सरकारले सार्वजनिक जग्गासम्बन्धी स्पष्ट नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नु पर्छ । यसमा अतिक्रमण रोक्न कानुनी प्रावधान, दोषीलाई कारबाही र संरक्षणका लागि योजना समावेश हुनु पर्छ । स्थानीय सरकार आफ्नो क्षेत्राधिकारभित्रका सार्वजनिक सम्पत्तिको संरक्षणका लागि सबैभन्दा नजिक र प्रभावकारी निकाय हो । यसको सक्रियता र ठोस पहलले सार्वजनिक जग्गाको दुरुपयोग रोक्न, दिगो व्यवस्थापन गर्न र दीर्घकालीन संरक्षण सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

सार्वजनिक जग्गाको संरक्षण सामुदायिक संलग्नताबिना सम्भव छैन । समुदायको ज्ञान, सिप र सहभागितामार्फत संरक्षणका प्रयास सशक्त, प्रभावकारी र दिगो बन्छन् । सार्वजनिक सम्पत्तिको संरक्षण सरकार र जनताको साझा जिम्मेवारी हो र यसका लागि दुवै पक्षबिच सहकार्य आवश्यक छ । समुदायलाई सार्वजनिक सम्पत्तिको जिम्मेवारी सुम्पनु, यसको संरक्षणमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । सार्वजनिक सम्पत्ति संरक्षणमा उत्कृष्ट भूमिका खेल्ने व्यक्तिहरू वा समूहलाई सम्मान र पुरस्कार प्रदान गर्दा अन्य समुदायका व्यक्ति पनि प्रेरित हुन्छन् । समुदायका अगुवा र स्थानीय सङ्घ संस्थाको सहयोगमा सार्वजनिक जग्गाको संरक्षण अभियानलाई प्रभावकारी बनाउन सकिन्छ ।

सार्वजनिक सम्पत्तिलाई स्थानीय संस्कृति, परम्परा वा धर्मसँग जोडेर यसको संरक्षणलाई प्रेरित गर्न सकिन्छ । सामुदायिक मेला आयोजना गरी जग्गाको महत्व र यसको संरक्षणको आवश्यकता बताउन सकिन्छ । सामुदायिक सेवा कार्यक्रम, जस्तै सरसफाइ अभियान, वृक्षरोपण, र अन्य संरक्षण गतिविधि आयोजना गरी नागरिकलाई प्रत्यक्ष रूपमा संलग्न गराउन सकिन्छ । यसले सार्वजनिक जग्गाको सौन्दर्य र उपयोगिता बढाउन मद्दत पुऱ्याउँछ । सार्वजनिक सम्पत्तिमा अतिक्रमण वा क्षति भएको अवस्थामा नागरिकले रिपोर्ट गर्न सक्ने प्रणाली (जस्तै मोबाइल एप्स वा हेल्पलाइन) विकास गर्नु पर्छ । यसले स्थानीय नागरिकलाई सक्रिय सहभागी बनाउँछ । स्थानीय स्रोत र जनशक्तिको उपयोग गरेर सार्वजनिक सम्पत्तिको संरक्षण प्रभावकारी बनाउन सकिन्छ । सार्वजनिक जग्गाको व्यवस्थापन र संरक्षणका लागि समुदायको राय र सक्रिय सहभागितामा आधारित योजना तयार गर्नु पर्छ । यस्तो योजनाले जनतामा स्वामित्वको भावना पैदा गर्छ ।

सार्वजनिक जग्गाको निगरानीका लागि स्थानीय तहमा निगरानी समूह गठन गर्न सकिन्छ । यी समूहले अतिक्रमण, अवैध निर्माण, वा अन्य गैरकानुनी गतिविधि पहिचान गरी तुरुन्तै सरकारी निकायलाई जानकारी दिन सक्छन् । समुदायलाई सार्वजनिक जग्गाको मह[illegible]व, यसको उपयोगिता र संरक्षणको आवश्यकताबारे जानकारी गराउँदा उनीहरूलाई यसमा चासो बढ्छ । सचेतना कार्यक्रम, स्थानीय सभा र सञ्चार माध्यमको उपयोग गरेर समुदायलाई शिक्षित गर्न सकिन्छ । सार्वजनिक जग्गाको संरक्षण केवल सरकारी प्रयासले मात्र सम्भव छैन; यसमा समुदायको सक्रिय संलग्नता अनिवार्य छ ।

सार्वजनिक जग्गा कुनै व्यक्तिको नभई सम्पूर्ण समुदायको साझा सम्पत्ति हो । यसको संरक्षण र समुचित व्यवस्थापनले देशको आर्थिक, सामाजिक, र सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउँछ । नेपाल सरकारले संविधान, नीति र कानुनी व्यवस्थामार्फत सार्वजनिक जग्गाको दुरुपयोग रोक्न पर्याप्त प्रावधान गरेको भए पनि कार्यान्वयन तहमा अझै प्रभावकारी कदम आवश्यक छ । नागरिक र सरकार दुवैले संयुक्त रूपमा यस कार्यलाई अघि बढाउनु जरुरी छ । सार्वजनिक सम्पत्तिको संरक्षणमा लापरबाही गर्नु भनेको भविष्यप्रति अन्याय गर्नु हो ।

# नेपाली खेलकुदका लागि सन् २०२४ उपलब्धिको वर्ष

झापा। सन् २०२४ लाई बिदा गरेर सन् २०२५ लाई भित्र्याउने संघारमा छौं। सन् २०२४ को अन्त्य हुँदै गर्दा विश्व नयाँ अंग्रेजी वर्षको स्वागत गर्ने तयारी गरिरहेको छ। बिदा हुन लागेको वर्षलाई आकार दिन यस वर्ष नेपाली खेलकुदका लागि उल्लेखनीय रहेको छ।

सन् २०२४ मा नेपाली खेल क्षेत्रमा विभिन्न आयामहरू देखा परे। नेपाली खेलकुदले राष्ट्रिय स्तरमा मात्र नभएर विश्वभर नै चर्चा कमाएको छ। वाफ च्याम्पियनसीपमा उपाधिविमुख भएर होस् वा पलेशा गोवर्द्धनले पारा ओलम्पिकमा कांस्य जितेर होस् विश्वको ध्यान नेपाली खेलकुदतर्फ आकृष्ट भयो। अझ नेपाली क्रिकेटले वर्षभर नै चर्चा कमाइरह्यो। नेपालले खेलेको टी-२० वर्ल्डकपदेखि अन्डर-१९ महिला विश्वकपमा नेपालको छनोट पनि एक हो।

वर्षको अन्तिममा नेपालको घरेलु लिगमा विश्वका चर्चित क्रिकेटरहरूको आवागमनले नेपाल र नेपाली क्रिकेटलाई चर्चामा ल्याउन सफल भयो। खेल क्षेत्रमा देखिएको बहारले नेपालको शान विश्वमा केही हदसम्म फैलिएको अनुमान गर्न सकिन्छ।

**वाफ च्याम्पियनसीपको त्यो पराजय**

गत फेब्रुअरी १९- २९ मा साउदी अरेबियामा सम्पन्न वाफ च्याम्पियनसीपको फाइनलमा नेपाल महिला फुटबल टोली जोर्डनसँग पेनाल्टी सुटआउटमा ५-३ ले पराजित भएर




उपाधिविमुख भएको थियो। च्याम्पियनसीपमा अतिथि टोलीका रूपमा सहभागी नेपालले फाइनलबाहेक अन्य खेलमा उत्कृष्ट प्रदर्शन गरेको थियो। सिरिया, इराक, प्यालेस्टाइन र लेबनानसँग नेपालले उत्कृष्ट खेल खेलेको थियो।

**नेपालको विश्वकप यात्रा**

जुन ४ मा नेपालले टी-२० विश्वकप खेल्यो। अमेरिका र वेष्ट इण्डिजमा आयोजना भएको विश्वकपको समूह 'डी' मा रहेको नेपालले दक्षिण अफ्रिका, बंगलादेश, श्रीलंका र नेदरल्याण्ड्ससँग प्रतिष्पर्धा गरेको थियो। नेदरल्याण्ड्ससँग ६ विकेटले पराजित नेपालको दोस्रो खेल श्रीलंकासँग थियो तर वर्षाका कारण रद्द भएको थियो। नेपालले तेस्रो खेल दक्षिण अफ्रिकासँग खेलेको थियो। जसमा नेपाल मात्र १ रनले हारेको थियो भने चौथो खेल भने बंगलादेशसँग खेलेको थियो। बंगलादेशसँग २१ रनले हारेको थियो। नेपालले १० वर्षपछि टी-२० विश्वकपमा स्थान बनाएको थियो। यसअघि नेपालले सन् २०१४ मा विश्वकप खेलेको थियो।

पलेशाको कांस्य

तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धन श्रेष्ठले प्यारिस पारालिम्पिक्समा कांस्य पदक जित्दै इतिहास रचिन्। यसअघि सन् २०२४ मा उनी एशिया छनोटमा स्वर्ण पदक जित्दै पेरिस प्यारालिम्पिक्समा छनोट भएकी थिइन्।

महिलातर्फको ५७ केजी तौल समूहको कांस्य पदक जित्ने क्रममा उनले सर्वियाकी खेलाडी मारिजा मिसेवलाई पराजित गरेकी थिइन्। ओलिम्पिक्समा सहभागिताको ५७ वर्ष लामो इतिहास होस् वा १० वर्षअगाडि खेल्न थालेको पारा-ओलिम्पिक्स नेपालले पदक जित्नसकेको थिएन। उनी दुईवटा विश्व पारा-तेक्वान्दो च्याम्पियनसीप र तीनवटा एशियन पारा-तेक्वान्दो च्याम्पियनसीपमा प्रतिस्पर्धा गरिसकेकी अनुभवी खेलाडी मानिन्छिन्।

**यू-१९ महिला क्रिकेटको विश्वकप यात्रा**

नेपाल यूएईलाई पराजित गर्दै आईसीसी महिला यू-१९ टी-२० विश्वकपका लागि छनोट भयो। आईसीसी महिला यू-१९ टी-२० विश्वकप एशिया छनोटको अन्तिम खेलमा यूएईले जितका लागि दिएको ८४ रनको लक्ष्य नेपालले १४ ओभर ४ बलमा २ विकेटमात्र गुमाएर पूरा गर्दै एशियाबाट विश्वकपमा छनोट भएको हो।
आईसीसी महिला टी-२० विश्वकप अर्को वर्ष मलेसियामा हुँदै छ।

**सबैभन्दा ठूलो लिग नेपाल प्रिमियर लिगको सफल आयोजना**

नेपालको घरेलु लिग नेपाल प्रिमियर लिग केही दिनअघि मात्र सकिएको छ। १ करोड १० लाख पुरस्कार राशिको उक्त लिगको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो। २१ दिन चलेको लिगमा ८ टोली समावेश थिए। जसमा सुदूरपश्चिम रोयल्स दोस्रो हुँदा कर्णाली याक्स तेस्रो भएको थियो। चौथो चितवन राइनोज, पाँचौं काठमाडौं गुर्खाज, छैटौं विराटनगर किंग्स, सातौं पोखरा एभेन्जर्स र अन्तिम लुम्बिनी लायन्स भएको थियो।
लिग हेर्न ब्रायन लारा नेपाल आएका थिए भने लिग खेल्न स्टार खेलाडी शिखर धवन, मार्टिन गप्टिल, रवि बोपारा, जेम्स निसम, बेन कटिङलगायत अन्तराष्ट्रिय खेलाडीहरू नेपाल आएका थिए।

# सतिघाटमा पक्की पुल नहुँदा नागरिकलाई सास्ती

झापा(प्रस) । भोजपुर-संखुवासभालाई जोड्ने अरुण नदीको सतिघाटमा पक्की पुल नहुँदा स्थानीयलाई समस्या भएको छ । उत्तरी क्षेत्रबाट बाह्य जिल्ला प्रवेश गर्ने मुख्य नाकाका रुपमा रहेको यो स्थानमा पक्की पुल नहुँदा नागरिकले बर्सेनि दुःख भोग्दै आएका छन् ।
वैकल्पिक उपायको रुपमा त्यहाँ



करिब छ वर्षअघिबाट फेरी सञ्चालन गरिएको छ । तर विभिन्न प्राविधिक समस्या, हावाहुरी तथा पानीको बहाव बढेसँगै फेरी बन्द हुने भएकाले समस्या झेल्नु पर्ने स्थानीयवासीको भनाइ छ ।
अरुण नदीमा पक्की पुल नहुँदा उत्तरी क्षेत्रको व्यापारिक केन्द्रको रुपमा रहेको षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिकले बर्षौंबाट समस्या भोग्दै आएका छन् । सतिघाटमा पक्की पुल निर्माणको लागि राज्यले ध्यान दिन आवश्यक रहेको स्थानीयवासी नवीन कार्कीले बताए ।
'अरुण नदीमा पुल नहुँदा सिङ्गो उत्तरी क्षेत्रका नागरिकलाई समस्या छ,' उनले भने, 'नदीवारी षडानन्द क्षेत्रमा सडक कालोपत्र बन्दैछ । तर विडम्बना अरुण नदीमा पुल नै छैन । यो नदीमा पुल बनिदिए हाम्रो क्षेत्रको विकासमा टेवा पुग्ने थियो ।'
बर्खा समयमा पानीको बहाव बढेपछि पूर्ण रुपमा फेरी बन्द हने भएकाले झोलुङ्गे पुलबाट नै आवतजावतसँगै पिँठ्यूमा बोकेर सामान ओसार्नुपर्ने बाध्यात्मक अवस्था रहेको उनको भनाइ छ।
'सतिघाटमा पुल बन्छ भन्ने आशामा लामो समय बित्यो,' उनले भने, 'हालसम्म उत्तरी क्षेत्रबाट यो अरुण नदीको कुनै पनि स्थानमा पक्की पुल छैन । सवारीसाधन तार्ने सबै भन्दा ठूलो विकल्पन नै यही फेरी हो । यो पनि वर्षा सुरु भएपछि बन्द हुन्छ ।'

त्यहाँ २०७६ सालबाट फेरी सञ्चालनमा आएको हो । विभिन्न प्राविधिक समस्याका कारण यो पनि बेलाबेला बन्द हुने गरेको छ । त्योसँगै पानीको बहाव बढेपछि भने फेरी पूर्णरुपमा बन्द हुने स्थानीयवासीको भनाइ छ । नियमित रुपमा भने करिब ६/८ महिना मात्र फेरी सञ्चालन हुने गरेको छ ।
हिउँदको समयमा नदी पार गराउनको लागि बिहान ७ बजेबाट बेलुका १० बजेसम्म फेरी सञ्चालन हुने गरेको छ । हाल यही फेरीको सहायताबाट षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिक बाह्य जिल्ला आवतजावत गर्दै आएका छन् ।
फेरीले तत्कालीन समस्या समाधानमा केही राहत मिले पनि स्थायी समस्याको समाधान नरहेको षडानन्द नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले बताए । त्यहाँ पक्की पुल निर्माणको लागि पहलकदमी गरिरहेको प्रमुख उदासको भनाइ छ ।

# मेलमिलाप दिवसमा वनभोज कार्यक्रम



झापा(प्रस) । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य गोमा भट्टराईले श्रद्धेय नेता बि. पी कोइरालाले आफ्नो जीवन जोखिममा पारेर राष्ट्र र राष्ट्रियताका लागि लिएको मेलमिलाप नीतिको नेपाली राजनीतिमा बेग्लै महत्व रहेको बताएकी छन् ।
नेपाली कांग्रेस बुद्धशान्ति गाउँ समितिको आयोजनामा ४९ औ राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा बुद्धशान्ति-७ सुनमाईमा आयोजित खिचडी एवं वनभोज कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै यस्तो धारणा राखेकी हुन् । कार्यक्रमका बिशेष अतिथि नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले आफू नरहे पनि राष्ट्र र राष्ट्रियता रहनुपर्छ भन्ने उद्धेश्य राखेर महामानव बि. पी कोइराला लामो समयको निर्वासित जीवन ब्यतित गरेपछि स्वदेश फर्केको चर्चा गर्दै देशको विकास र समृद्धिका लागि राजनीतिक दलबीच सहकार्य र मेलमिलाप अपरिहार्य रहेको बताए ।

नेपाली कांग्रेस बुद्धशान्ति गाउँ समिति सभापति चक्र शेर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा महिलाहरुका लागि म्युजिकल चेयर, पुरुषहरुबीच हण्डी फुटाउने प्रतियोगिता गराइएको थियो । म्युजिकल चेयरमा रिता सापकोटा खनाल प्रथम भएकी थिइन् भने हण्डी फुटाउने प्रतियोगितामा खड्ग धिमाल प्रथम भएका थिए ।

मेचीनगर र बुद्धशान्तिबीच सम्पन्न डोरी तान्ने प्रतियोगितामा मेचीनगर प्रथम भएको थियो । गीत- संगीत, नृत्य एवं बिबिध मनोरञ्जनात्मक प्रस्तुति रहेको कार्यक्रममा नेपाली कांग्रेसका नेता कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा स्वागत चन्द्रकला भट्टराई र संचालन मदन मगरले गरेका थिए ।

# नाबालिकालाई झुक्याएर विवाह गर्ने बेहुलासहित दुई जना पक्राउ

झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय खोटाङले नाबालिकासँग विवाह गर्ने युवक (बेहुला)सहित दुई जनालाई पक्राउ गरेको छ ।
आफन्तकामा हिँडेकी १३ वर्षीया बालिकालाई बाटैमा रोकेर ललाइफकाइ विवाह गर्ने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपाका २८ वर्षीय रमेश राई र बालविवाह गराउनमा संलग्न



बालिकाको आफन्त कमला राईलाई प्रहरीले पक्राउ गरेको हो । यही पुष ८ गते बालिकासँग विवाह गर्ने रमेशलाई पुष १२ गते र कमलालाई पुष १३ गते पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयको प्रवक्ता प्रहरी निरीक्षक मोहन पोखरेलले जानकारी दिए । उनका अनुसार पक्राउ परेका दुवै जनाविरुद्ध बालविवाहसम्बन्धी कसूर अन्तर्गतको मुद्दा चलाइएको छ ।
बालविवाहसम्बन्धी घटना भएको जानकारी पाएपछि फरक-फरक समय तथा ठाउँबाट पक्राउ परेका उनीहरु दुवैजनालाई प्रहरी हिरासतमा राखेर घटनाको विषयमा थप अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । अभियुक्त उनीहरु दुवैजनालाई जिल्ला अदालतमा उपस्थित गराएर थप अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरिएको प्रहरी नायब उपरीक्षक प्रतिक विष्टले जानकारी दिए ।
कक्षा-८ मा अध्ययनरत बालिकालाई युवक (बेहुला)को घरबाट उद्धार गरेर जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरेपछि आफन्तको जिम्मा लगाइएको प्रहरीले जनाएको छ । पुष ८ गते युवकको घर पुऱ्याइएकी बालिकालाई पुष ९ गते किरात संस्कार अनुसार भित्र्याइएको बुझिएको प्रहरी प्रवक्ता पोखरेलले जानकारी दिए।
मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद ११ विवाहसम्बन्धी कसूरमा बालविवाह गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद तथा रु ३० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । विवाह गर्ने व्यक्तिको उमेर २० वर्षभन्दा कम भएको खण्डमा उक्त विवाह स्वतः रद्ध हुने मुलुकी अपराधसंहिताको बालविवाहसम्बन्धी कसूरमा उल्लेख छ ।
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले मङ्सिर १४ र १५ गते जालपामा बालविवाह न्यूनीकरणसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरेको थियो । सोही कार्यक्रमको प्रभावस्वरुप जालपामा भएको बालविवाहसम्बन्धी सूचना प्रहरीलाई प्राप्त भएको जनाइएको छ ।

# ऊँ नमःशिवाय साकोसको साधारण सभा

झापा(प्रस) ।दशनामीको बाहुल्यता रहेको ऊँ नमःशिवाय बचत बचत तथा ऋण सहकारी संस्थाको १२ औ वार्षिक साधारण सभा सम्पन्न भएको छ ।
झापा बिर्तामोड-५ मा मुख्य कार्यालय रहेको साकोसले सोमवार बिर्तामोड-२ स्थित पर्शुराम पार्टी प्यालेसमा साधारण सभा सम्पन्न



गरेको हो ।
संस्थाका अध्यक्ष भरतलाल गिरीको अध्यक्षता भएको कार्यक्रममा संस्थाका जेष्ठ सदस्य गोबर्धन गिरीलाई प्रमुख अतिथि बनाइएको थियो । संस्थाका उपाध्यक्ष खिलबहादुर गिरी (राजु) ले स्वागत गरेको कार्यक्रममा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन लेखा संयोजक इन्द्रमणि पौडेलले प्रस्तुत गरेका थिए । साथै कोषाध्यक्षको खड्ग गिरीले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए ।
आर्थिक बर्ष २०८०/०८१ असार मसान्तसम्म एक करोड ९० लाख ६१ हजार ८०० रूपैयाँ शेयर पुँजी रहेको संस्थामा एक हजार ७ सय १५ जना शेयर सदस्य रहेको संस्थाका अध्यक्ष भरतलाल गिरीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी कोष हिसाब ८३ लाख ५२ हजार ५५४ रूपैयाँ , बचत तथा निक्षेप हिसाब १ करोड ५० लाख ६६ हजार ६६८ रूपैयाँ रहेको छ ।
संस्थाले यस आर्थिक वर्षमा खुद नाफा १३ लाख ९० हजार ८६७ रूपैयाँ गरेको प्रतिवेदनमा उल्लेख छ ।
कार्यक्रममा नेपाल दशनामी समाजका पूर्व केन्द्रीय उपाध्यक्ष तथा संस्थाका सल्लाहकार केदारप्रसाद गिरी, समाजका पूर्व केन्द्रीय कोषाध्यक्ष तथा संस्थाका सल्लाहकार तिलकप्रसाद गिरी, समाजका पूर्व केन्द्रीय सदस्य तथा संस्थाका सल्लाहकार लवकुश गिरी, समाजका पूर्व कोशी प्रदेश अध्यक्ष चन्द्रप्रसाद गिरी एवम् संस्थाका सल्लाहकार चन्द्रप्रसाद गिरी, समाजका कोशी प्रदेश अध्यक्ष पदमबहादुर पुरी ( प्रकाश ), समाजका झापाा अध्यक्ष केदार गिरी, समाजको झापा पूर्व महिला अध्यक्ष तथा संस्थाकी सल्लाहकार पार्वता गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिब शंकर गिरीले गरेका थिए । कार्यक्रममा समाजका केन्द्रीय सह-कोषाध्यक्ष गोबिन्द गिरी, केन्द्रीय सदस्य एलबी गिरी, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी,समाजकी कोशी प्रदेश उपाध्यक्ष शारदा गिरी, साथै समाज बिभिन्न पालिका तथा वडाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१ट

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने

**वृष** आँटेको र ताकेको कार्य पुरा होला । प्रतियोगितात्मक क्रियाकलापमा विजय

**मिथुन** परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । आर्थिक लाभ हासिल हुन सक्ने देखिन्छ ।

**कर्कट** यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।

**सिंह** साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**कन्या** रमणीय र सुखद यात्राको योग पनि छ । मन कमजोर रहने सक्छ ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । घर परिवारका सदस्यहरूबाट

**मकर** मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कुम्भ** आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।

**मिन** इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।